## "अन्तर्राष्ट्रिय आप्रवासी कामदार दिवस, २०१५ भव्यताका साथ मनाऔं"

# राष्ट्रिय आह्वान-पत्र

## "सुरक्षित वैदेशिक रोजगार : हामी सवैको सरोकार"

विश्वमा जनसंख्या वृद्धि र औधोगिक विकास सँग सँगै भएको शहरीकरण एवं भूमण्डलीकरणवाट देशहरू बीचको खुलापन विस्तार भएपछि राम्रो कामको खोजीमा विदेश जाने क्रम पनि तीव्ररूपमा वृद्धि हुँदै गएको छ । यसरी रोजगारी/जीविकोपार्जनका लागि अर्को देशमा गई बस्ने प्रक्रिया विश्वब्यापी भएको छ । हाल संसारभर करिव २३ करोड २० लाख मानिसहरू आप्रवासीको रूपमा रहेका छन् । वैदेशिक रोजगारीमा रहदा पारिश्रमिक तथा अन्य सेवा सुबिधा, न्यूनतम् मानब अधिकारको प्राप्ती आदिमा विदेशी नागरिक भएको कारणबाट आप्रवासीहरू माथि हुनसक्ने बिभेदलाई ध्यानमा राखी संयुक्त राष्ट्रसंघले डिसेम्बर १८ का दिन आप्रवासी कामदार र तिनका परिवारको सदस्यहरूको अधिकार संरक्षणसम्बन्धी महासन्धी, १९९० पारित गरी सो सन्धी सन् २००३ जुलाई १ देखि लागू भयो । यस महासन्धिले **'आप्रवासी कामदार भन्नाले आफू नागरिक नरहेको राष्ट्रमा पारिश्रमिक पाउने क्रियाकलापमा लगाईने, लागेको वा लगाईएको व्यक्तिलाई सम्झिनु पर्दछ'** भनेर आप्रवासी कामदारको सम्बन्धमा स्पष्टरूपमा परिभाषा गरेको छ । संयुक्त राष्ट्रसंघको महासभाले सन् २००० डिसेम्बर ४ मा प्रस्ताव नं. ५५/९३ लाई पारित गर्दै संसारभर ठूलो संख्यामा रहेका आप्रवासीको सरोकारको दस्तावेज पारित भएको दिन १८ डिसेम्बरलाई बिश्व आप्रवासी कामदार दिवसको रूपमा मनाउने गरिएको छ । नेपाल सरकारले पनि यो दिवसलाई प्रत्येक वर्ष विभिन्न कार्यक्रम आयोजना गरी मनाउँदै आएको छ ।

नेपालमा वार्षिक ४ लाख ५० हजारभन्दा बढी युवाहरू श्रम बजारमा प्रवेश गर्दछन् । देशभित्र पर्याप्त रोजगारीका अवसरहरू नभएकोले दैनिक करिब १२०० देखि १५०० युवाहरू वैदेशिक रोजगारीमा जानका लागि श्रम स्वीकृति प्राप्त गर्ने गरेका छन । वैदेशिक रोजगार विभागका अनुसार आ.ब. २०५०/०५१ देखि २०७१/०७२ सम्म श्रम स्वीकृति लिई वैदेशिक रोजगारमा जाने कूल नेपालीहरूको संख्या ४० लाख ९६ हजार ५१९ पुगिसकेको छ । यद्यपि वैदेशिक रोजगारीबाट फर्किएकाहरूको तथ्याङ्क अद्यावधिक हुन सकेको छैन । यस बाहेक शिक्षा, व्यापार, व्यवसाय आदि कारणले विदेश जानेहरू, अलेखबद्ध कामदार तथा भारतमा रोजगारीका लागि गएका नेपालीहरूको संख्यालाई अभिलेख गर्न सकेमा यो संख्या निकै बढी देखिन आउनेछ । वैदेशिक रोजगारबाट प्राप्त हुने मुख्य फाईदा भनेको विप्रेषण (Remittance) सीप र अनुभव हो । नेपाल राष्ट्र बैंकको प्रतिवेदन अनुसार आ.ब. २०७१/०७२ मा कूल ६१७ अर्ब रूपैयाँ विप्रेषण भित्रिएको थियो । नेपालमा गरिबी घट्नुमा विप्रेषण एउटा महत्वपूर्ण कारक बन्न पुगेको छ । भारतमा कार्यरत् नेपाली कामदारहरूको योगदानबाट प्राप्त विप्रेषण र उनीहरूका समस्या समाधानबारे पनि अध्ययन गर्न आवश्यक छ । यसैगरी विभिन्न मुलुकवाट नेपालमा काम गर्न आउनेको संख्यामा पनि क्रमशः वृद्धि हुदै गएको छ । उनिहरूको हकहितको रक्षाका लागि हामी सवै सजग रहनु पर्दछ ।

सुरक्षित वैदेशिक रोजगारीका लागि सम्वन्धित सबैको चेतना अभिवृद्धि गर्ने उद्देश्यले स्थानियस्तरमा समेत यो दिवस मनाउन आवश्यक छ । वैदेशिक रोजगारीमा जानका लागि केही आधारभूत कागजातहरू आवश्यक हुन्छन् । नागरिकता, राहदानी तथा अन्य कागजातहरू तयार पार्न स्थानीय तथा जिल्लास्तरका जिल्ला प्रशासन कार्यालय, जिल्ला विकास समितिको कार्यालय, जिल्ला प्रहरी कार्यालय, महिला तथा बालबालिका कार्यालय, नगरपालिका, गाउँ विकास समिति लगायतका संस्थाहरूको महत्वपूर्ण भूमिका रहेको छ । सवैको सरोकारको विषय भएको यस्तो दिवसले स्थानीय स्तरमा विशेष महत्व राख्दछ । अतः यस दिवसलाई स्थानीय स्तरसम्म पुर्‍याउन स्थानीय निकायको अगुवाईमा जिल्लास्थित विभिन्न सरकारी निकायहरू तथा वैदेशिक रोजगारको क्षेत्रमा कार्यरत् विभिन्न राजनीतिक दल, नागरिक समाज, गैरसरकारी एवं निजी संघ संस्थाहरू, ट्रेड युनियनहरू, सञ्चार माध्यमहरू समेतको सकृय सहभागितामा निम्नानुसारका प्रस्तावित कार्यक्रमहरूको आयोजना गरी यो दिवस प्रभावकारी ढंगबाट मनाउनका लागि मूल आयोजक समिति हार्दिक आव्हवान गर्दछ :-

- ❖ संयुक्त प्रभातफेरी,
- ❖ रेडियो/एफ.एम./टि.भी. कार्यक्रमहरू,
- ❖ अन्तरक्रिया कार्यक्रम,
- ❖ जनचेतनामूलक कार्यक्रम/भेला,
- ❖ सञ्चारकर्मीसँग अन्तरक्रिया कार्यक्रम,
- ❖ निबन्ध प्रतियोगिता
- ❖ आप्रवासी कामदारको समस्याको सुनुवाई,
- ❖ प्रचार सामग्री छपाई तथा बितरण आदि ।



**अन्तर्राष्ट्रिय आप्रवासी कामदार दिवस, २०१५ को अवसरमा सुरक्षित एवं लाभदायी वैदेशिक रोजगारीका लागि सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा**

# श्रम तथा रोजगार मन्त्रालयको अनुरोध

- सकभर आफ्नै देशमा काम गरौं, विदेशमा गएर पनि पैसा कमाउनु त्यति सजिलो छैन ।
- अरूको लहैलहैमा, अनधिकृत एजेन्टको भर परेर वैदेशिक रोजगारीमा नजाऔं । वैदेशिक रोजगार विभागबाट इजाजतपत्रवाला संस्था (म्यानपावर कम्पनी) को माध्यमवाट जानु राम्रो हो ।
- सीप सिकेर मात्र वैदेशिक रोजगारमा जाऔं, आफ्नै जिल्लामा निःशुल्क सीप तालिम दिने संस्थाहरू पनि हुन सक्छन, खोजी गरौं र सीप सिकौं ।
- सकभर आफू जाने देशको भाषा सिक्नु भएको छ भने विदेशमा समस्या व्यहोर्नु पर्दैन, त्यस तर्फ पनि ध्यान पुऱ्याऔं ।
- स्थानीयस्तरमा भएका सुरक्षित वैदेशिक रोजगार बारे सहि सूचना वा परामर्श दिने कुनै संस्थामा सम्पर्क गरौं । सही सूचना हासिल गरौं ।
- सम्बन्धित देशको सामाजिक, धार्मिक र रोजगार कानून सम्वन्धी जानकारी राखौं । यसका लागि अभिमुखीकरण तालीम लिन नछुटौं ।
- वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको कामदार कल्याणकारी कोषमा रू. १०००।- दाखिला गरी समस्यामा पर्दा सरकारी सेवा सुविधा प्राप्त गरौं ।
- स्वदेशी विमानस्थलको मात्र प्रयोग गरौं ।
- नेपाल सरकारले मलेसिया, कतार, कुवेत, साउदी अरव, संयुक्त अरब ईमिरेट्स (यू.ए.ई.), ओमान र वहराईनमा फ्रि भिसा, फ्रि टिकटको अनिवार्य प्रावधान लागू गरेको छ । यो प्रावधानको सहि सदुपयोग गरौं ।
- वैदेशिक रोजगारका लागि कुनै पनि प्रकारको शुल्क तिर्दा अनिवार्य रूपमा भरपाई लिने गरौं ।
- घरेलु कामदारका रूपमा विदेशमा काम गर्न जाने महिलाहरूले अनिवार्य सीप तालिम प्राप्त गरी वैदेशिक रोजगार बिभागवाट श्रम स्वीकृति लिई मात्र वैदेशिक रोजगारमा जाऔं ।
- वैदेशिक रोजगारमा जानु अघि आफ्नो पासपोर्ट, भिसा, करारपत्र, नागरिकता लगायत सबै डकुमेन्टहरूको एक/एक प्रति फोटोकपी गरी परिवारमा छाडौं र एक प्रति आफूसँगै राखौं ।
- वैदेशिक रोजगारवाट हुने कमाईलाई फजुल काममा खर्च नगरौं । आफ्नो मेहेनतको कमाईलाई वित्तीय संस्थामार्फत् स्वदेशमा परिवारलाई पठाउने गरौं ।
- विदेशमा आफूलाई समस्या पर्दा सहयोगका लागि पहल गर्ने नेपाली राजदूतावास, श्रम सहचारी लगायत अन्य सम्बन्धित संघ संस्थाहरूका बारेमा बुझेर तथा सबैको सम्पर्क नम्बर लिई राखौं ।
- विदेशमा रहँदा उक्त देशको धर्म/सँस्कृति र कानून विपरितका कार्यहरू कहिल्यै पनि नगरौं ।

